प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको विविध सेवा, अधिकृतस्तर सातौं तह, महिला विकास अधिकृत वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ।

१. प्रथम चरणः- प्रारम्भिक परीक्षा (Preliminary Exam) पूर्णाङ्क :-१००

२. द्वितीय चरणः- लिखित परीक्षा (Written Exam) पूर्णाङ्क :-२००

३. अन्तिम चरणः- सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता पूर्णाङ्क :-५०

परीक्षा योजना (Examination Schedule)

१. प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Exam) पूर्णाङ्कः १००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या×अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्यज्ञान र सामान्य बौद्धिक परीक्षण (General knowledge & General Ability Test) | १०० | ४५ | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न (MCQs) | १०० प्रश्न x १ अङ्क=१०० | १ घण्टा ३० मिनेट |

२. द्वितीय चरणः लिखित परीक्षा (Written Test) पूर्णाङ्कः २००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या×अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | समसामयिक विषय (Contemporary Issues) | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | १०प्रश्नx५अङ्क=५०<br>५प्रश्नx१०अङ्क=५० | ३ घण्टा |
| द्वितीय | लैङ्गिकता र विकास (Gender and Development) | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | १०प्रश्नx५अङ्क=५०<br>५प्रश्नx१०अङ्क=५० | ३ घण्टा |

३. अन्तिम चरणः सीप परीक्षण (Skill Test), सामूहिक परीक्षण (Group Test) र अन्तर्वार्ता (Interview) पूर्णाङ्कः ५०

| पत्र/विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| अन्तर्वार्ता (Interview) | ३० | बोर्ड अन्तर्वार्ता (Board Interview) | |

द्रष्टव्यः

१. यस पाठ्यक्रमलाई प्रथम चरण, द्वितीय चरण र अन्तिम चरण (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) मा विभाजन गरिएको छ।

२. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रको माध्यमबाट परीक्षा सञ्चालन हुनेछ।
३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुनेछ।
४. बस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।
५. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
६. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।
७. परीक्षा हलमा मोवाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण, पुस्तक, नोटबुक लगायतका बस्तुहरु लैजान पाइने छैन।
८. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईएअनुसार हुनेछ।
९. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।
१०. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
११. लिखित परीक्षाको प्रथम चरणमा प्रारम्भिक परीक्षा हुनेछ। यस प्रारम्भिक परीक्षालाई छनौट परीक्षाको रुपमा मात्र लिई यस परीक्षाको प्राप्ताङ्कलाई अन्तिम नतिजाको अङ्कमा समावेश गरिने छैन।
१२. प्रथम चरणको प्रारम्भिक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ।
१३. अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुने उम्मेदवारहरुले प्रथम चरणको प्रारम्भिक परीक्षा दिनुपर्ने छैन्।
१४. द्वितीय चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।
१५. अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र सामूहिक परीक्षणमा उपस्थित नहुने उम्मेदवारलाई अन्तर्वार्तामा सम्मिलित गराईने छैन।
१६. द्वितीय चरणको लिखित परीक्षा र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको कुल प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।
१७. पाठ्यक्रम अध्यावधिक मितिः २०८१।१०।२९

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको विविध सेवा, अधिकृतस्तर सातौं तह, महिला विकास अधिकृत वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

प्रथम चरणः प्रारम्भिक परीक्षा

प्रथमपत्र :- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

सामान्य ज्ञान - अङ्क (७५)

खण्ड-क

१. भूगोल र जनसंख्या — १५ अङ्क

१.१ ब्रह्माण्ड र पृथ्वी सम्बन्धी जानकारी

१.१.१ सौर्यमण्डलः सूर्य, ग्रह, उपग्रह, शिशुग्रह, उल्का, धूम्रकेतु र पुच्छ्रेताराहरु, ग्रहण (सूर्य र चन्द्र)

१.१.२ पृथ्वीः परिचय, उत्पत्ति, गति र बनौट

१.२ विश्वको भूगोल

१.२.१ महासागर, महादेश, भौगोलिक क्षेत्र र यिनीहरुको विशेषता

१.२.२ ध्रुव, अक्षांश, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय (स्थानीय र प्रामाणिक) र दुरी

१.२.३ महादेशीय स्थानान्तरण, ग्रहीय वायु प्रणाली, जलवायु, व्यापारिक वायू र मनसुन

१.२.४ पर्वतश्रृंखला, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, हिमताल

१.३ नेपालको भूगोलः भौतिक एवं प्राकृतिक पक्ष

१.३.१ भौगोलिक अवस्थाः धरातलीय स्वरुपको किसिम र विशेषताहरु

१.३.२ प्राकृतिक स्रोतहरुः किसिम, उपलब्धता र वर्तमान अवस्था

१.३.३ भौगोलिक विविधता र जनजीवन

१.३.४ हावापानीको किसिम र विशेषता, हावापानीको विविधताले आर्थिक तथा सामाजिक जनजीवनमा पारेको प्रभाव

१.४ नेपालको जनसंख्या

१.४.१ जनसंख्या वितरण र बृद्धिदर

१.४.२ जनसंख्याका गतिशील पक्षहरुः जन्म, मृत्यु र बसाईंसराई

१.४.३ जनसंख्याका स्थिर पक्षहरुः उमेर, लिङ्ग र लैङ्गिक अनुपात

१.४.४ शहरीकरण र बसाईसराईको प्रवृत्ति र यसका प्रभावहरु

२. इतिहास, संस्कृति र सामाजिक व्यवस्था — १५ अङ्क

२.१ विश्वको इतिहास

२.१.१ मध्यकाल, पुनर्जागरण र आधुनिककाल

२.२ विश्वका प्रमुख ऐतिहासिक घटनाहरु

२.२.१ म्याग्नाकार्टा, औधोगिक क्रान्ति, फ्रान्सेली राज्यक्रान्ति, अमेरिकी स्वतन्त्रता सङ्ग्राम, अक्टोवर क्रान्ति, प्रथम विश्वयुद्ध तथा द्वितीय विश्वयुद्ध र भारतीय स्वतन्त्रता सङ्ग्राम

२.३ नेपालको इतिहास

२.३.१ किराँतकाल, लिच्छविकाल र मल्लकालको सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था

२.३.२ कर्णाली प्रदेशको मध्यकालीन खस साम्राज्यको इतिहास

२.३.३ आधुनिक इतिहासः राजनीतिक घटनाक्रम, कारण र परिणामहरु

२.४ नेपालको सामाजिक एवं सांस्कृतिक अवस्था

२.४.१ नेपाली समाजको संरचना

२.४.२ प्रथा, परम्परा, मूल्य र मान्यता, प्रचलित प्रमुख धर्म, संस्कृति, जातजाति, भाषा र साहित्य

२.४.३ कर्णाली प्रदेशको सामाजिक रहनसहन र प्रमुख सांस्कृतिक परम्पराहरु

२.४.४ सांस्कृतिक सम्पदाको किसिम, स्थिति, विशेषता, महत्व र संरक्षणका प्रयासहरु

२.४.५ कला (वास्तु, चित्र, मूर्ति, काष्ठ) संगीत (नृत्य र संगीत) को परम्परा र वर्तमान अवस्था

३. नेपालको आर्थिक पक्ष — १५ अङ्क

३.१ नेपाली अर्थतन्त्रको संरचना

३.१.१ कृषि र गैर कृषि क्षेत्र

३.१.२ विकासका पूर्वाधारहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य,विद्युत

३.२ आर्थिक विकासका सम्वाहकहरु

३.२.१ सार्वजनिक क्षेत्र (सरकारी क्षेत्र र सार्वजनिक संस्थानहरु)

३.२.२ निजी क्षेत्र (गैह्र सरकारी संस्थाहरु, सहकारी र सामुदायिक संगठन)

३.३ नेपालमा योजनावद्ध विकास र कर्णाली प्रदेशको चालु आवधिक योजना

३.४ नेपालको केन्द्रीय बैङ्क, बाणिज्य बैङ्क, वित्तीय संस्था र विमा

४. वातावरण, विज्ञान र प्रविधि — १५ अङ्क

४.१ दिगो विकास, वातावरण, भूमण्डलीय ताप, विश्वव्यापी उष्णता, मौसम परिवर्तन, हरितगृह प्रभाव, ओजोनतह विनास, प्रदुषण

४.२ जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरु, नेपालमा जैविक विविधता संरक्षणका प्रयासहरु

४.३ विज्ञान प्रविधि र स्वास्थ्य

४.३.१ विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रत्यक्ष प्रभाव

४.३.२ क्रमविकाश र वंशाणु, स्वास्थ्य, रोग, खोप, खाद्य, पोषण, सरसफाई

४.३.३ जैविक प्रविधि, उपयुक्त प्रविधि तथा वैकल्पिक उर्जा र सूचना तथा सञ्चार प्रविधि

५. समसामयिक विषय तथा विविध — १५ अङ्क

५.१ नेपालको संवैधानिक विकासक्रम र नेपालको संविधान

५.२ नेपालको परराष्ट्र नीति र यसका मूल आधारहरु

५.२.१ परराष्ट्र नीतिको अवधारणा

५.२.२ परराष्ट्र नीतिका निर्धारक तत्वहरु

५.३ अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघसंस्था

५.३.१ नेपालका छिमेकी देशहरु तथा बेलायत, अमेरिका, जापानसँगको सम्बन्ध

५.३.२ संयुक्त राष्ट्रसंघः अङ्ग, विशिष्टीकृत संस्था र गतिविधिहरु

५.३.३ क्षेत्रीय संगठनः सार्क, बिमस्टेक, आसियान, युरोपियन यूनियन

५.३.४ संयुक्त राष्ट्र संघ र क्षेत्रीय संगठनहरुमा नेपालको भूमिका

५.४ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका घटना तथा समसामयिक विषयहरु

५.४.१ राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकूद सम्बन्धी जानकारी

५.४.२ पुस्तक,पुरस्कार, कला, साहित्य, संगीत सम्बन्धी जानकारी

५.४.३ समसामयिक घटना तथा नवीनतम गतिविधिहरु र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्बन्धी जानकारी

## सामान्य बौद्धिक परिक्षण अङ्क (२५)

### खण्ड -ख

६. शाब्दिक तार्किक परीक्षण ८ अङ्क

६.१ बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण

६.२ कोडिङ, डिकोडिङ, छोडिएका अक्षरसंकेत मिलाउने

६.३ दिशा र दुरी ज्ञान परीक्षण, श्रेणीक्रम (पंक्तिक्रम)

६.४ भनाई र कारण, आगमन, निगमन

६.५ कार्यअवस्थाको सिलसिला, तार्किक विश्लेषण, समस्या समाधान

७. मात्रात्मक तार्किक परीक्षण ९ अङ्क

७.१ अनुक्रम (श्रेणीक्रम), समरुपता र वर्गीकरण

७.२ कोडिङ, छोडिएका संख्या (अक्षरसंकेत) मिलाउने, साझा गुण, मेट्रिक्स

७.३ तथ्यांक व्याख्या (चार्ट, ग्राफ, तालिका, तथ्यांक प्रर्याप्तता), तथ्यांक जाँच (रुजु)

७.४ अङ्कगणितीय तर्क क्रिया

७.५ प्रतिशत, भिन्न, दशमलव, अनुपात, समानुपात, औसत, नाफा, नोक्सान, मिति र पात्रो, समय र काम

८. अशाब्दिक तार्किक परीक्षण ८ अङ्क

८.१ अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण

८.२ तार्किक चित्रात्मक विश्लेषण

८.३ भेन चित्र, मेट्रिक्स चित्र, विन्दु स्थान र स्थिति

८.४ त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण

८.५ पानीमा देखिने आकृति, ऐनामा देखिने आकृति, अन्तर्निहित आकृति, चित्रको स्थानान्तरण

प्रथमपत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषयमा पाठ्यक्रमका एकाईहरुबाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| विषय | सामान्य ज्ञान | | | | | सामान्य बौद्धिक परीक्षण | | |
|---|---|---|---|---|---|---|---|---|
| खण्ड | (A) | | | | | (B) | | |
| अङ्कभार | ७५ | | | | | २५ | | |
| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| प्रश्नसंख्या | १५ | १५ | १५ | १५ | १५ | ८ | ९ | ८ |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको विविध सेवा, अधिकृतस्तर सातौं तह, महिला विकास अधिकृत वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

चरणः द्वितीय

## प्रथम पत्रः– समसामयिक विषय

### खण्ड (क) – ३० अङ्क

१. सार्वजनिक प्रशासन र व्यवस्थापन

- १.१ सार्वजनिक प्रशासनको अवधारणा, उद्देश्य, कार्यक्षेत्र र सीमा
- १.२ सार्वजनिक व्यवस्थापनको नवीनतम अवधारणा र सिद्धान्त
- १.३ निजामती सेवा र जनशक्ति व्यवस्थापन
  - १.३.१ निजामती सेवाको अवधारणा
  - १.३.२ नेपालको निजामती सेवाको गठन, पदपूर्ति, सेवा सुविधा, वृत्ति विकास, आचरण र सजाय सम्बन्धी व्यवस्था
  - १.३.३ जनशक्ति व्यवस्थापन र योजना
- १.४ संगठन र यसका प्रमुख पक्ष
  - १.४.१ संगठनको परिचय, किसिम तथा स्वरुप
  - १.४.२ संगठन गठनका आधार
  - १.४.३ संगठनका सिद्धान्त तथा प्रमुख पक्षः आदेशको एकात्मकता, नियन्त्रणको सीमा, पदसोपान, संगठनात्मक व्यवहार, समूह गतिशिलता र समूहगत कार्य
- १.५ व्यवस्थापनका विविध पक्षहरु
  - १.५.१ द्वन्द्वको अर्थ, श्रोत, कारण, प्रकृति र द्वन्द्व व्यवस्थापन
  - १.५.२ तनाव व्यवस्थापन, समय व्यवस्थापन, विपद् व्यवस्थापन, संकट व्यवस्थापन र परिवर्तन व्यवस्थापन
  - १.५.३ राष्ट्र निर्माण र सामाजिक परिवर्तनको संवाहकको रुपमा सार्वजनिक सेवाकर्मीहरु
- १.६ कर्मचारीतन्त्रः अवधारणा, आधारभूत प्रकृति, प्रकार तथा सवल र दूर्वल पक्षहरु
- १.७ सार्वजनिक नीतिः तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

### खण्ड (ख) – २० अङ्क

२. राज्य व्यवस्था र कानून

- २.१ राज्य व्यवस्थाको परिचय तथा संचालनको सिद्धान्त
- २.२ नेपालको संवैधानिक विकासक्रम र नेपालको वर्तमान संविधान
- २.३ संघीयता, विकेन्द्रीकरण, अधिकार प्रत्यायोजन, अधिकार निक्षेपण
- २.४ संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध
- २.५ सुशासनको अवधारणा र आयामहरु तथा सुशासनमा सार्वजनिक प्रशासनको भूमिका
- २.६ नागरिक शिक्षा, यसको महत्व, नागरिक समाज, नागरिकको कर्तव्य र दायित्व
- २.७ कानूनको अर्थ, स्रोत र महत्व
- २.८ प्रशासकीय कानूनको अवधारणा र क्षेत्र
- २.९ कानूनी राज्यको अवधारणा र महत्व

२.१० सामाजिक न्याय र सामाजिक सुरक्षा

२.११ समावेशीकरण र सकारात्मक विभेद

खण्ड ग– ३० अङ्क

३. आर्थिक पक्ष र समसामयिक विषयहरु

३.१ आर्थिक विकासका प्रमुख पक्षहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार र जनशक्ति

३.२ आर्थिक विकासका संवाहकहरुः सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र

३.३ योजना तर्जुमा प्रक्रिया र आयोजना चक्र

३.४ नेपालमा योजनाबद्ध विकास

३.४.१ कर्णाली प्रदेशको चालु आवधिक योजनाः उद्देश्य, प्राथमिकता, नीति, रणनीति, स्रोत साधनको परिचालन तथा बाडँफाँट र प्रगति

३.५ विकासका आयामहरु

३.५.१ आर्थिक बृद्धि तथा आर्थिक विकास

३.५.२ सामाजिक परिवर्तन तथा सामाजिक विकास

३.५.३ विकासमा विश्वव्यापीकरण र स्थानीयकरण, स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन

३.५.४ विकासमा जनसहभागिताको अर्थ र महत्व

३.६ समसामयिक विषयहरुः गरिबी, बेरोजगारी, जनस्वास्थ्य, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, ऊर्जा संकट, जलवायु परिवर्तन र दिगो विकास।

खण्ड घ– २० अङ्क

५. सार्वजनिक वित्त प्रशासन तथा लेखा

५.१ बजेटको परिभाषा र किसिम, नेपाल सरकारको बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली

५.२ सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्था र खरिद चक्र

५.३ सार्वजनिक सम्पत्ति व्यवस्थापन अवधारणा

५.४ लेखा प्रणालीको सिद्धान्त र नेपाल सरकारको लेखा प्रणाली

५.५ आर्थिक अनुशासन, बेरुजु फस्यौंट र सम्परीक्षण

५.६ संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्य प्रणाली

६. सार्वजनिक सेवा प्रवाह

६.१ सार्वजनिक सेवा प्रवाहः अर्थ, महत्व, माध्यमहरु र प्रभावकारी सेवा प्रवाहको तरिका

६.२ सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीको अधिकार तथा दायित्व

७. कार्यालय व्यवस्थापन र सूचना प्रणाली

७.१ कार्यालय व्यवस्थापनः अवधारणा, महत्व र आन्तरिक नियन्त्रण प्रणाली

७.२ कार्यालयमा सूचना तथा संचार प्रविधिको महत्व, प्रकार र माध्यम

७.३ व्यवस्थापन सूचना प्रणालीको परिचय र महत्व

७.४ सार्वजनिक व्यवस्थापनमा तथ्यांक र सूचनाको महत्व र उपयोगिता

यस पत्रका पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या यथासम्भव निम्नानुसार हुनेछ।

| खण्ड | क | ख | ग | घ |
|---|---|---|---|---|
| छोटो प्रश्न | २ | २ | ४ | २ |
| लामो प्रश्न | २ | १ | १ | १ |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको विविध सेवा, अधिकृतस्तर सातौं तह, महिला विकास अधिकृत वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

चरणः द्वितीय

द्वितीय पत्रः– लैङ्गिकता र विकास (Gender and Development)

खण्ड कः २० अङ्क

१. लैङ्गिक अवधारणा (Gender Concepts)

- १.१. लिङ्ग र लैङ्गिकता (Sex and Gender)
- १.२. स्त्रीत्व र पुरुषत्व (Femininity and Masculinity)
- १.३. लैङ्गिक सामाजिकरण (Gender socialization)
- १.४. पितृसत्ता र नारीवाद (Patriarchy and Feminism)
- १.५. लैङ्गिक भूमिका र शक्ति सम्बन्ध (Gender roles and power relationship)
- १.६. व्यवहारिक तथा रणनीतिक आवश्यकता (Practical and strategic needs)
- १.७. लैङ्गिक समानता तथा समता (Gender Equality and Equity)
- १.८. स्रोत साधन तथा अवसरमा पहुँच र नियन्त्रण (Access and control over resources and opportunities)

२. महिला अधिकार (Women's Rights)

- २.१. लैङ्गिक विभेद (Gender Discrimination)
- २.२. नेपालमा महिला आन्दोलन (Women's movement in Nepal)
- २.३. महिलाका अधिकार (Women's Rights)
- २.४. नेपालको वर्तमान संविधानमा महिलाका हक अधिकार सम्बन्धी व्यवस्था (Right and Duties of Women as specified in the existing Constitution of Nepal)

खण्ड खः ३० अङ्क

३. महिला सशक्तीकरण (Women Empowerment)

- ३.१. नेपालमा महिलाको स्थितिः जनसांख्यिक, सामाजिक, आर्थिक र राजनीतिक (Status of Nepalese Women – Demographic, Social, Economic, Political)
- ३.२. कर्णाली प्रदेशमा महिलाको स्थितिः जनसांख्यिक, सामाजिक, आर्थिक र राजनीतिक (Status of Nepalese Women – Demographic, Social, Economic, Political)
- ३.३. महिलाको बहुआयामिक भूमिकाः (Multidimensional roles of women)
  - ३.३.१. पुनरुत्पादक भूमिका (Reproductive role)
  - ३.३.२. उत्पादक भूमिका (Productive role)
  - ३.३.३. भूमिका (Community role)
  - ३.३.४. प्रतिनिधीमुलक भूमिका (Representative role)
- ३.४. महिला र गरिवी (Women and poverty)
- ३.५. महिला सशक्तिकरणका आयामः सामाजिक आर्थिक राजनीतिक (Dimensions of women's empowerment: Social, Economic, Political)
- ३.६. सामाजिक परिचालन सहभागिता र सञ्जालीकरण (Social mobilization, Participation and Networking)
- ३.७. महिला लक्षित कार्यक्रम (Women targeted programmes)

४. लैङ्गिकतामा आधारित हिंसा (Gender-based violence)

४.१. लैङ्गिकतामा आधारित हिंसाः अवधारणा, कारण र परिणाम (Gender-based violence: concept, causes and consequences)

४.२. प्रथा, परम्परामा आधारित हिंसा (Violence based on social traditions and practices)

४.३. घरेलु हिंसाः अवधारणा, प्रकार, कारण र परिणाम (Domestic violence: concept, types, causes and consequences)

४.४. मानव वेचविखन तथा ओसारपसार र नियन्त्रण (Human trafficking and its control)

## खण्ड गः ३० अङ्क

### ५. लैङ्गिकता र विकास (Gender and Development)

५.१. कल्याणकारी सोच (Welfare approach)

५.२. विकासमा महिला (Women in Development-WID)

५.३. महिला र विकास (Women and Development-WAD)

५.४. लैङ्गिकता र विकास (Gender and Development- GAD)

५.५. अधिकारमा आधारित अवधारणा (Rights-based approach)

५.६. आवश्यकतामा आधारित अवधारणा (Need-based approach)

### ६. लैङ्गिक विकास सूचकाङ्कहरु (Gender Equity Measure Indicators)

६.१. लैङ्गिक विकास सूचकाङ्क (Gender Development Index – GDI)

६.२. लैङ्गिक सशक्तिकरण मापक (Gender Empowerment Measure – GEM)

६.३. मानव गरिबी सूचकाङ्क (Human Poverty Index – HPI)

### ७. लैङ्गिक समानता तथा महिला सशक्तिकरणः प्रतिवद्धता र प्रयासहरु (Gender Equality and Women's Empowerment: commitment & efforts)

७.१. अन्तर्राष्ट्रिय महिला सम्मेलनहरु (International Women Conferences)

७.२. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९ र सोको इच्छाधिन आलेख, १९९९ (Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW), 1979 and its optional protocol, 1999)

७.३. वेईजिङ्ग कार्यमञ्च १९९५ (Beijing Platform for Action, 1995)

७.४. दिगो विकास लक्ष्य (Sustainable Development Goals)

७.५. संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदका प्रस्ताव नम्बर १३२५ र १८२० (United Nations Security Council Resolutions 1325 and 1820)

७.६. राष्ट्रिय कार्ययोजना (National Plans of Action)

७.६.१. संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदका प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना २०६७ (National Plan of Action on Implementing United Nations Security Council Resolutions 1325 and 1820, 2011)

७.७. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि संस्थागत संयन्त्र (Institutional Mechanisms for Gender Equality and Women's Empowerment)

७.७.१. राष्ट्रिय महिला आयोग (National Women's Commission)

७.७.२. महिला तथा समाज कल्याण सम्बद्ध प्रदेश र स्थानीय तहमा रहेका निकायसम्बन्धी जानकारी

७.७.३. कर्णाली प्रदेशको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०७८ (Karnali Province Gender Equality and Social Inclusion Policy, 2078)

खण्ड घः २० अङ्क

## ८. लैङ्गिक मुलप्रवाहीकरण (Gender Mainstreaming)

८.१. सैद्धान्तिक पक्ष (Theoretical aspects)

८.२. लैङ्गिक खण्डीकृत तथ्यांक (Gender-disaggregated data)

८.३. लैङ्गिक विश्लेषण तथा परीक्षण (Gender analysis and audit)

८.४. लैङ्गिक उत्तरदायी बजेट र नेपालमा यसको अभ्यास (Gender-responsive budget and its practice in Nepal)

८.५. चालु आवधिक योजनामा लैङ्गिक मुलप्रवाहीकरण नीति (Gender mainstreaming policy in current periodic plans)

८.६. नेपालमा लैङ्गिक समानताका लागि गरिएका विशेष व्यवस्था (Specific provisions for gender equality in Nepal) : सकारात्मक विभेद (Positive discrimination), आरक्षण (Reservation), सकारात्मक कार्य (Affirmative action) र अन्य विशेष व्यवस्था (Other special provisions)

## ९. सामाजिक सुरक्षा तथा सामाजिक समावेशीकरण (Social Security and Social Inclusion)

९.१. जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिको अधिकार र सामाजिक सुरक्षा (Rights and social security of senior citizens, children and persons with disabilities)

९.२. सामाजिक समावेशीकरण (Social inclusion)

९.३. सामाजिक समावेशीकरणमा लैङ्गिक सरोकारका पक्षहरु (Gender concerns in social inclusion)

यस पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या यथासम्भव निम्नानुसार हुनेछ।

| खण्ड | A | B | C | D |
|---|---|---|---|---|
| अंकभार | २० | ३० | ३० | २० |
| छोटो उत्तर प्रश्न | २ | २ | ४ | २ |
| लामो उत्तर प्रश्न | १ | २ | १ | १ |

३. अन्तिम चरणः कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

विषयः सूचना प्रविधि सीप परीक्षण (Information Technology Skill Test)
प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

<table>
<tr><th>विषय</th><th>पूर्णाङ्क</th><th>विषयवस्तु शीर्षक</th><th>अङ्क</th><th>समय</th></tr>
<tr><td rowspan="6">सूचना प्रविधि सीप परीक्षण (IT Skill Test)</td><td rowspan="6">१०</td><td>Nepali Typing</td><td>२.५ अङ्क</td><td>५ मिनेट</td></tr>
<tr><td>English Typing</td><td>२.५ अङ्क</td><td>५ मिनेट</td></tr>
<tr><td>Windows basic, Email and Internet</td><td>१ अङ्क</td><td rowspan="4">१० मिनेट</td></tr>
<tr><td>Word processing</td><td>२ अङ्क</td></tr>
<tr><td>Presentation System</td><td>१ अङ्क</td></tr>
<tr><td>Electronic Spreadsheet</td><td>१ अङ्क</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१० अङ्क</td><td>२० मिनेट</td></tr>
</table>

Contents

1. Windows basic, Email and Internet (0.5×2=1 Mark)
   - 1.1. Introduction to Graphical User Interface
   - 1.2. Use & Update of Antivirus
   - 1.3. Concept of virus, worm, spam etc.
   - 1.4. Starting and shutting down Windows
   - 1.5. Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
   - 1.6. Concept of file, folder, menu, toolbar
   - 1.7. Searching files and folders
   - 1.8. Internet browsing & searching content in the web
   - 1.9. Creating Email ID, Using email and mail client tools
   - 1.10. Basic Network troubleshooting (checking network & internet connectivity)
2. Word processing (0.5×4=2 Marks)
   - 2.1. Creating, saving and opening documents
   - 2.2. Typing in Nepali and English
   - 2.3. Copying, Moving, Deleting and Formatting Text
   - 2.4. Paragraph formatting (alignment, indentation, spacing etc.)
   - 2.5. Creating lists with Bullets and Numbering
   - 2.6. Creating and Manipulating Tables
   - 2.7. Borders and Shading
   - 2.8. Creating Newspaper Style Documents Using Column
   - 2.9. Security Techniques of Document
   - 2.10. Inserting table, header, footer, page number, Graphics, Pictures, Symbols
   - 2.11. Page setting, previewing and printing of documents
   - 2.12. Mail merge

3. Presentation System (0.5×2=1 Mark)
   3.1. Introduction to presentation application
   3.2. Creating, Opening & Saving Slides
   3.3. Formatting Slides, Slide design, Inserting header & footer
   3.4. Slide Show, hyper link
   3.5. Animation
   3.6. Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.
4. Electronic Spreadsheet (0.5×2=1 Mark)
   4.1. Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
   4.2. Creating, Opening and Saving Work Book
   4.3. Editing, Copying, Moving, Deleting Cell Contents
   4.4. Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
   4.5. Formatting Rows, Column and Sheets
   4.6. Using Formula with Relative and Absolute Cell Reference
   4.7. Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc.)
   4.8. Sorting and Filtering Data

## अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली Typing Skill Test को लागि १५० शब्दको एउटा Text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछः

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ५ वा सो भन्दा बढी र ८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| ८ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १० वा सो भन्दा बढी र १३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १३ वा सो भन्दा बढी र १५भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| १८ वा सो भन्दा बढी र २० भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २० वा सो भन्दा बढी र २३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| २३ वा सो भन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट बापत | २.५० अङ्क |

२. English Typing Skill Test को लागि २०० शब्दको एउटा Text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |

| | |
|---|---|
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट बापत | २.५० अङ्क |

३. नेपालीमा दिइएको Text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली Typing मा दिइएको Text लाई आधारमानी टाइप गरेको Text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिनेछैन । तत्पश्चात, निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट ( Correct words/minute) निकालिनेछ।

**Formula**: शुद्ध शब्द प्रतिमिनेट (Correct Words/minute) = $\frac{\text{(Total words typed} - \text{Wron words)}}{5}$

## सामूहिक परीक्षण

सामुहिक परीक्षण व्यक्तित्व परीक्षणको एक अंश हो । प्रदेश निजामती सेवाको क्षेत्र विस्तार तथा कार्य पद्धति परिवर्तन समेत भैरहेको सन्दर्भमा नेपाल सरकारका नीति, योजना, कार्यक्रम लगायत शासन व्यवस्था सम्वन्धी समसामयिक विषयमाथि विचार– विमर्श, छलफल गरी तिनको अझै बढी प्रभावकारी तथा कार्यान्वयन योग्य समाधान पहिल्याउने सम्बन्धमा उम्मेदवारहरुको क्षमता पहिचान गर्नु यस परीक्षणको मूलमर्म हो । यसको लागि छलफल, विचार– विमर्श गरी परिस्थिति बुझ्न सक्ने, निर्णय दिने, जनतालाई क्रियाशील बनाउने, चित्त बुझाउने, निर्धारित लक्ष्य अनुसार काम गर्ने/गराउने, जस्ता कामका लागि लेखन क्षमताका साथसाथै समस्यालाई यथार्थपरक ढंगले पहिचान गर्नसक्ने, वाकपटुता, शिष्टता, तर्कशक्तिको पनि आवश्यकता पर्दछ ।

त्यसैले यस परीक्षणमा उम्मेदवारहरुको बौद्धिक क्षमता, संचार सीप, समूह गतिशिलता, व्यवहार, व्यक्तित्व, मनोवृति, क्रियाशीलता, निर्णयशक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका अन्य गुणहरुको आँकलन अर्थात परीक्षण र मूल्याङ्कन गर्नको लागि उम्मेदवारहरुलाई कुनै समसामयिक विषय/सवाल/समस्यामा सामूहिक छलफल गरी समस्या समाधान केन्द्रीत प्रभावकारी र कार्यान्वयन योग्य समाधान निकाल्न दिइन्छ ।

### सामूहिक छलफल

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफलको रुपमा अवलम्वन गरिनेछ । दिइएको प्रश्न वा Topic का विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति गर्नुपर्नेछ । यस परीक्षणमा मूल्याङ्कनको लागि देहाय अनुसारको ३ जना भन्दा बढीको समिति रहनेछ ।

| | |
|---|---|
| आयोगका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य | – अध्यक्ष |
| आयोगका सदस्य | – सदस्य |
| मनोविज्ञानवेत्ता | – सदस्य |
| दक्ष/विज्ञ (१ जना) | – सदस्य |

.....................